आ.व. ०७५।०७६

वैठक:- नगर कार्यपालिका र वगनासकाली गा.पा. संयुक्त वैठक
अध्यक्षता:- नगर प्रमुख अशोक कुमार शाही

वैठक संख्या:-०१/०७५/०७६
मिति:-२०७६।२।२९
स्थान:- ता.न.पा सभाहल
समय:- दिनको ३.०० वजे

तानसेन नगर कार्यपालिका र वगानासकाली गाउँपालिकाको संयुक्त वैठक तानसेन नगरपालिकाका नगर प्रमुख श्री अशोक कुमार शाही ज्युको अध्यक्षतामा कार्यपालिकाका देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णय गरियो ।

## उपस्थिति

| नाम थर | पद | ठेगाना | कार्यपालिका | उपस्थिति |
|---|---|---|---|---|
| श्री अशोक कुमार शाही | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष | |
| श्री कृष्णप्रसाद वस्याल | अध्यक्ष | वगनासकाली गा.पा. | सदस्य | |
| श्री लक्ष्मीदेवी पाठक | नगर उपप्रमुख | ता.न.पा. ९ | सदस्य | |
| श्री सरस्वती दर्लामी चिदी | उपाध्यक्ष | वगनासकाली गा.पा. | सदस्य | |
| श्री दामोदर प्रसाद घिमिरे | (प्रवक्ता) वडा अध्यक्ष | ता.न.पा. ११ | सदस्य | |
| श्री लक्ष्मी प्रसाद अधिकारी | (प्रवक्ता वडा अध्यक्ष | वगनासकाली ७ | सदस्य | |
| श्री रामप्रसाद वस्याल | वडा अध्यक्ष | ता.न.पा १ | सदस्य | |
| श्री बरुणप्रसाद रेग्मी | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य | |
| श्री महेशलाल शाक्य | वडा अध्यक्ष | ता.न.पा. ३ | सदस्य | |
| श्री राजेन्द्रमुनि शाक्य | वडा अध्यक्ष | ता.न.पा.४ | सदस्य | |
| श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य | |
| श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य | |
| श्री मुक्तिराम जि.सी. | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य | |
| श्री रामप्रसाद घिमिरे | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य | |
| श्री हरिसुमर रेग्मी | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य | |

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| श्री लोचनप्रसाद तिमिल्सिना | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य |
| श्री देवेन्द्र बहादुर राना | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य |
| श्री कमल राना | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य |
| श्री सोम बहादुर झेडी | वडा अध्यक्ष | वगनासकाली १ | सदस्य |
| श्री टेकनाथ शर्मा गैरे | वडा अध्यक्ष | वगनासकाली २ | सदस्य |
| श्री टिका बहादुर थापा | वडा अध्यक्ष | वगनासकाली ३ | सदस्य |
| श्री हुतमान सिं दर्लामी | वडा अध्यक्ष | वगनासकाली ४ | सदस्य |
| श्री इश्वर कुमार थापा | वडा अध्यक्ष | वगनासकाली ५ | सदस्य |
| श्री गुन बहादुर बुढाथोकी | वडा अध्यक्ष | वगनासकाली ६ | सदस्य |
| श्री गणेश प्रसाद वस्याल | वडा अध्यक्ष | वगनासकाली ८ | सदस्य |
| श्री थानेश्वर तिमिल्सेना | वडा अध्यक्ष | वगनासकाली ९ | सदस्य |
| श्री शशी श्रेष्ठ | का.पा. सदस्य | ता.न.पा.१ | सदस्य |
| श्री सुनिता श्रेष्ठ वैजु | का.पा. सदस्य | ता.न.पा.३ | सदस्य |
| श्री मैयादेवी घिमिरे | का.पा. सदस्य | ता.न.पा.६ | सदस्य |
| श्री बुद्धिसरा वि.क. | का.पा. सदस्य | ता.न.पा.१० | सदस्य |
| श्री कमला भण्डारी | का.पा. सदस्य | ता.न.पा.१३ | सदस्य |
| श्री दिपक विश्वकर्मा | का.पा. सदस्य | ता.न.पा.५ | सदस्य |
| श्री विमला वौडेल | का.पा. सदस्य | ता.न.पा.८ | सदस्य |
| श्री भीम बहादुर कुमाल | का.पा. सदस्य | ता.न.पा.७ | सदस्य |
| श्री विजुली बहादुर वि.क. | का.पा. स | वगनासकाली गा.पा | सदस्य |
| श्री तेज प्रसाद रसाली | का.पा. स | वगनासकाली गा.पा. | सदस्य |
| श्री सीता नेपाली | का.पा.स | वगनासकाली गा.पा. | सदस्य |
| श्री खुमाकला भट्टराई | का.पा.स | वगनासकाली गा.पा. | सदस्य |

Scanned by CamScanner

| | | | | |
|---|---|---|---|---|
| श्री वसन्ती थापा | का.पा.स. | वगनासकाली गा.पा. | सदस्य | वसन्ती |
| श्री पविसरा दर्लामी | का.पा.स | वगनासकाली गा.पा | सदस्य | |
| श्री रेशमलाल न्यौपाने | नि.प्र.प्र.अ. | तानसेन नगरपालिका | सचिव | |
| श्री सुन्दर श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | वगनासकाली गा.पा. | सचिव | |

श्री यम कुमारी कैडेल का.वा.वडा अ.६ ता.न.पा. यमकुमारी

श्री रमेश कु. अर्याल - अध्यक्ष - नेपाल पत्रकार महासंघ

श्री गोविन्द प्रसाद भट्टराई - प्रेस सल्लाहकार तानसेन न.पा.

श्री दिवाकर अर्याल - ले०अ० तानसेन न०पा०

श्री विष्णु पौडेल - योजना अधिकृत "

श्री भरत प्रसाद आचार्य - शाखा अधिकृत - ता.न.पा.

श्री अनिल खिताल - पत्रकार एभीन्यूज

श्री कोमलराज घिमिरे - आ०प्र० अधिकृत "

Scanned by CamScanner

निर्णय नं. १ "सहकार्यमा मात्र समृद्धि सम्भव छ" भन्ने अवधारणा अनुरुप पाल्पाका दुईवटा स्थानीय तहहरु तानसेन नगरपालिका र बगनासकाली गाउंपालिकाले स्थानीय स्तरमा उपलब्ध स्रोत, साधन, सम्भावना, अवसरलाई उच्चतम् परिचालन गर्दै दीगो विकास गर्न दुवै सहमत भएकोले स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को ४(च) को व्यवस्थालाई उपयोग गर्दै हाललाई दुई पालिकाहरु बिच साझेदारी गर्न सकिने क्षेत्रहरु पहिचान गरी उक्त क्षेत्रहरु औपचारिक रुपमा सहकार्य गर्ने निर्णय गरियो ।

निर्णय नं. २ हाललाई पाल्पा जिल्लाको तानसेन नगरपालिका र बगनासकाली गाउंपालिका बिच मात्र सहकार्य गरिएकोमा आगामी समयमा आवश्यकता र औचित्यताको आधारमा यस सहकार्य अभियानलाई पाल्पा जिल्लाका अन्य पालिकाहरुमा एवं आवश्यकता अनुसार छिमेकी जिल्ला एवं प्रदेशका पालिकाहरुमा पनि विस्तार गर्दै जाने निर्णय गरियो ।

निर्णय नं. ३ स्थानीय नागरिकहरुको आर्थिक तथा सामाजिक विकासमा प्रत्यक्ष योगदान दिने खालका कार्यक्रमहरु संचालन गर्न आगामि आर्थिक वर्षमा देहायका क्षेत्रहरुमा सहकार्यका लागि पूर्व सम्भाव्यता अध्ययन, सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रस्ताव, कार्यक्रम कार्यान्वयनका लागि दुवै पालिकाले आगामी सभा मार्फत आफ्नो आवश्यक नीति , बजेट व्यवस्था गर्ने निर्णग गरियो ।

सहकार्य र लगानीका क्षेत्रहरु

- पर्यटन
- भौतिक पूर्वाधार
- विमानस्थलको लागि आवश्यक जग्गा प्राप्ती
- प्राबिधिक तथा व्यवसायीक शैक्षिक केन्द्र
- फोहर मैला व्यवस्थापन
- परम्परागत सिप, कला, संस्कृतिको संरक्षण र प्रर्वद्धनबाट आर्थिक उद्यमशीलता
- एकीकृत वस्ती विकास कार्यक्रम

निर्णय नं. ४ यस सहकार्यलाई प्रभावकारी रुपमा संचालन र व्यवस्थापनका लागि निम्नानुसारको कार्यदल गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १। तानसेन नगरपालिकाको प्रमुख | अध्यक्ष |
| २। बगनासकाली गाउंपालिकाको प्रमुख | अध्यक्ष |
| ३। तानसेन नगरपालिकाको उपप्रमुख | सदस्य |
| ४। बगनासकाली गाउंपालिकाका उपप्रमुख | सदस्य |
| ५। दुवै पालिकाका प्रवक्ताहरु | सदस्य |
| ६। दुवै पालिकाका पूर्वाधार विषयगत समितिका संयोजकहरु | सदस्य |

Scanned by CamScanner

७। सम्बन्धित पालिकाका नागरिक समाजबाट प्रमुखहरुले मनोनयन गरेको एक/एक जना सदस्य
८। दुवै पालिकाका प्रमुख प्रशासकीय अधिकृतहरु सदस्य-सचिव
९। बैठकको अध्यक्षता दुवै पालिकाका प्रमुख र र सदस्य-सचिवको भूमिका प्रमुख प्रशासकीय अधिकृतहरुले आलोपालो रुपमा गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ तानसेन नगरपालिका वडा नं. ८ स्थित गौडेपुल देखि राम्दी (कालिगण्डकी पुल) सम्मको सिद्धार्थ राजमार्ग सडकखण्डमा पर्ने सडकको मोडसुधारको लागि प्रदेश सरकार र संघीय सरकारसंग माग गर्ने निर्णय गरियो ।

बैठक दिउंसो ३.१५ मा प्रारम्भ भई ४.५५ मा समाप्त भयो ।